मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

धाममा मनाइयो रक्षाबन्धन : पृष्ठ ३

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

२५ Purwanchal National Daily



◆ वर्ष : २५ ◆ अङ्क : २४७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ साउन २० गते मंगलबार (Tuesday, Aug 4. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-



**नदीको पानी जम्मा गर्न ट्याङ्की:** दूधकोशीको पानी पम्पिङ प्रविधिबाट लिफ्ट गरेर गाउँमा निकाल्ने योजनाका साथ हलेसी तुवाचुङ नगरपालिका–६ मंगलटारमा निर्माणाधीन खानेपानीको ट्याङ्की। त्रिधार्मिकस्थल हलेसी क्षेत्रका करीब २० हजार उपभोक्तालाई लक्षित गरेर उक्त खानेपानी आयोजनाको काम शुरु गरिएको हो। तस्वीर : केदार मगर/रासस

# बिर्तामोड र अर्जुनधाराका पाँच जनामा कोरोना

**झापा, साउन १९।** झापामा पाँच जनालाई कोरोना संक्रमण देखिएको छ।

सोमबार झापाको अर्जुनधाराका चार पुरूष र बिर्तामोडकी एक जना महिलामा संक्रमण देखिएको बताइएको छ। झापाका पाँच जनासहित प्रदेश १ मा सोमबार ५६ जनालाई कारोना संक्रमण देखिएको हो।

समुदायमा संक्रमण फैलन सक्ने भन्दै अर्जुनधारा नगरपालिकाले सात दिन र बिर्तामोड नगरपालिकाले अनिश्चितकालीन लकडाउन गरेका छन्। लकडाउन गरेसँगै यस क्षेत्रका बजार पसलहरु बन्द भएको बताइएको छ। बिहान ८ देखि ११ बजेसम्म खाद्यान्न, तरकारी, दूध लगायतका पसलहरु सञ्चालन गर्न दिइने तथा अतिआवश्यक सेवाहरु सञ्चालन गर्दा उच्च सावधानी अपनाउन आग्रह गरिएको नगरपालिकाले जनाएको छ।

उता सोमबार गरिएको परीक्षणमा मोरङमा ५६ जना संक्रमित थपिएका हुन्। जसमध्ये विराटगरका २२ जना छन्। समुदायमा संक्रमण फैलिएपछि लकडाउन घोषणा भएको विराटनगर महानगरपालिकाभित्र थप २२ जनालाई संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जानकारी दिएको छ। विराटनगरमा भेटिएका संक्रमितमध्ये ७ जना १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरमा कार्यरत् प्रहरी हुन्।

मन्त्रालयले दिएको जानकारी अनुसार विराटनगरमा १६ जना पुरूष र ६ जना महिलामा संक्रमण देखिएको छ। संक्रमितहरुमध्ये प्रदेश सरकारका मुख्य न्यायाधीवक्ता चुडामणि आचार्यसहित उनको परिवारका अन्य दुई सदस्य पनि छन्।

विराटनगरमा देखिएका संक्रमितमध्ये न्यूरो हस्पिटलका ३ जना नर्स र म्याक्स अस्पतालका एक जना कर्मचारी छन्। यस्तै कोशी अस्पतालमा कार्यरत् थप २ जना स्वास्थ्यकर्मी र विराट मेडिकल कलेजमा कार्यरत् एक जनामा पनि कोरोना देखिएको छ।

मोरङकै रंगेली नगरपालिकामा पनि २२ जनालाई कोरोना पोजेटिभ देखिएको छ। रंगेलीमा १३ पुरूष र ९ महिलामा संक्रमण देखिएको हो। यस्तै कटहरी गाउँपालिकामा २ जना महिलामा संक्रमण देखिएको छ। उता सुनसरीमा ५ जनालाई संक्रमण देखिएको मन्त्रालयले जनाएको छ। त्यस्तै इटहरीमा ३, धरान र इनरुवामा १-१ जनालाई संक्रमण देखिएको छ।

# ‘पाकशालाका किङ’ माधव

**झापा, साउन १९।** संयुक्त राज्य अरब इमिरेट्स (यूएई) को होटल जुमेरा विश्वकै प्रशिद्ध होटल मध्येको एक हो। यो सेभेनस्टार ब्राण्डको होटल हो। संयुक्त राज्य अरब इमिरेट्स (यूएई) का शेख महमद् अर्थात राजपरिवारका सदस्यको लगानीमा सञ्चालित यो होटल आफैंमा विशिष्ठकृत रहेको छ।

त्यस्तै यूएईकै अर्को प्रशिद्ध रेष्टुरेण्ड हो ‘सि फुड’। यो रेष्टुरेण्टको नाम यूएईमा मात्रै सीमित छैन। यो रेष्टुरेन्टले प्रदान गर्ने सेवा सुविधाका कारण ‘सि फुड रेष्टुरेण्ट एण्ड वार’को चर्चा विश्वभर हुने गरेको छ। होटलमा आउने अतिथिको सत्कारदेखि पाकशालामा बनेको स्वादिष्ट परिकारका कारण विश्वभर होटल जुमेर र सि फुड रेष्टुरेण्टको चर्चा हुने गरेको बताउँछन्- झापा बिर्तामोड निवासी माधव पराजुली। ११ वर्षसम्म होटल जुमेरामा सुपरभाइजरको जिम्मेवारी सम्हालेर स्वदेश फर्किएका पराजुली पेशाले हाल शिक्षक हुन्। उनी खाना बनाउन औधि रुचाउँछन्। नरुचाउन् पनि किन उनको विषय नै होटल मेनेजमेन्ट हो, जहाँ धेरै प्रयोगात्मक परीक्षण हुन्छ। प्रयोगात्मक परीक्षणका लागि खाना बनाउनै पर्ने हुन्छ। त्यो पनि आफैंले। पेशाले शिक्षक भएपनि विद्यालयमै खाना बनाउन सिकाउनु उनको दैनिकी नै हुन्छ।

संयुक्त राज्य अरब इमिरेट्स (यूएई)को जुमेरा होटलमा रहँदा उनले सुपरभाइजरको जिम्मेवारी मात्र सम्हालेनन्। चतुर्‍याईका कारण उनले आफूले आर्जेको ज्ञानले विश्वका प्रशिद्ध ‘सेफ’संग कामसमेत गरे। जसका कारण उनले अध्ययनसँगै विश्वका प्रशिद्ध होटलका किचनमा पुगेर त्यहाँ बन्ने परिकार र स्वादको विषयमा ज्ञान आर्जन गरे। जसका कारण उनी अहिले ‘पाकशालाका किङ’ नै बनेका छन्।

सामान्य परिवारमा जन्मिएका उनको रुची होटल मेनेजमेन्ट होइन। तर, प्लस टु पछि उनले यो विधा रोजे। जसले उनको जीवनलाई नै मोडिदियो। जसका कारण उनी अहिले ‘सेफ’का रुपमा परिचित छन्।

बिर्तामोडस्थित वाल्मीकि एजुकेशन फाउण्डेशनमा होटल मेनेजमेन्ट अध्ययापन गराउँदै आएका पराजुलीले २०५५ सालमा लक्ष्मी वल्लभ नर्सिङ माध्यमिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका थिए। दमक मल्टिपल कलेजबाट मानविकी संकायबाट प्लस टु गरेका उनले त्यसपछिको शिक्षा होटल मेनेजमेन्ट रोजे।



माधव पराजुली

उच्च शिक्षा अध्ययनका क्रममा कलेज गएर आएपछिको बचेको समयमा काठमाडौंस्थित आरएमसीटी र खुम्जुङ होटल ट्रेनिङ सेन्टरबाट होटल मेनेजमेन्टको लामो समयसम्म परीक्षण लिएर संयुक्त राज्य अरब इमिरेट्स (यूएई) पुगेका उनले होटल जुमेरामा काम गरे। त्यहाँ रहँदा उनले धेरै नेपालीले पाएको दुःख देखे। नेपालीले विदेशी भूमिमा पाएको दुःखकै कारण उनी नेपाल फर्किए। नेपाल फर्कनुको उनको एउटै उद्देश्य थियो नेपाली विद्यार्थीलाई होटल मेनेजमेन्ट अध्ययापन गराउनु, ताकि उनीहरुले विदेशमा पुगेर दुःख झेल्नु नपरोस्।

नभन्दै अहिले उनी वाल्मीकिसहित विभिन्न विद्यालयमा होटल मेनेजमेन्ट अध्यापन गराउँदै आएका छन्। दमकको पीसीए, बिर्तामोडको स्प्रिडडेल, झापा प्राविधिक शिक्षालयमा समेत होटल मेनेजमेन्ट विषय अध्यापन गराएका पराजुली अहिले एसियन हस्पिटालिटी कलेजमा समेत कार्यरत छन्, जहाँ उनले दैनिक सयौं विद्यार्थीलाई होटल मेनेजमेन्ट सिकाउँछन्।

होटल म्यानेजमेन्ट भनेको खना पकाउन सिकाउने मात्र होइन, यो प्राविधिक विषय हो। यो पर्यटकलाई आतिथ्य सत्कार गर्ने, खुवाउने, बसोबासको बन्दोबस्त मिलाउन सिकाइने शिक्षा हो। पर्यटकलाई मुस्कानसहित सत्कार गरेर रमाइलो वातवरणमा बिदाई गर्नेसम्म सिकाउने शिक्षा होटल म्यानेजमेन्ट हो। यही शिक्षा सिकाउन निपूर्ण भएका कारण पराजुली सबैमाझ परिचित छन्।

नपढेकाहरुले पनि होटल चलाउन सक्छन्। तर, जसले पढेर होटल क्षेत्रमा काम गर्छ उसले दिने सेवामा धेरै फरक हुन्छ - पराजुली भन्छन् - गुणस्तरीय खाना बनाउने क्षमता पनि पढेकासँग हुन्छ। त्यसैले होटल र हस्पिटालिटी क्षेत्रमा काम गर्न चाहिने दक्ष जनशक्ति उत्पादन गर्ने शिक्षा होटल म्यानेजमेन्ट हो। यसलाई आतिथ्य सत्कार शिक्षा पनि भनिन्छ।

विद्यार्थीलाई फुड प्रोडक्सन, फुड सर्भिसेस, हाउस किपिङ अप्रेसन, होटल एकाउन्ट, फ्रन्ट अफिस, हस्पिटालिटी अध्यापन गराउँदा सिकाइन्छ - पराजुलीले भने - होटल म्यानेजमेन्ट पढेका धेरै विद्यार्थी विदेश जाने गरेका छन्। होटल क्षेत्रमा राम्रो कमाइ हुने भएकाले नेपाली विद्यार्थीको रोजाइ विदेशका स्टार होटल पर्ने गरेको छ। अन्य विषय पढेका भन्दा यो विषय पढेकाको भिसा लाग्ने सम्भावना धेरै हुन्छ। चीन, बहराइन, हङकङ मलेसिया थाइल्यान्ड, अमेरिका, अष्ट्रेलियामा नेपाली विद्यार्थी काम र पढ्नका लागि पुगेका छन्। जाने खर्च भने आफैंले व्यवस्था गर्नुपर्ने हुन्छ। इन्टर्नसिपमै विदेश जान सकिने भएकाले राम्रो काम गरे विदेशी होटलले राम्रो तलबमा राख्ने सम्भावना पनि हुन्छ। अन्य विषय पढेकाले भन्दा यो विषय पढेकाले विदेशमा धेरै कमाउन पनि सक्छन्।

होटल भन्ने बित्तिकै खाना पकाउने मात्र हो भन्ने भ्रम छ- पराजुलीले भने - पछिल्लो समय होटल म्यानेजमेन्टलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको

(बाँकी अन्तिम पृष्ठमा)

# झापामा विद्युतीय रेलमार्गका प्रभावित अन्योलमा




**राजु पौडेल**

**झापा, साउन १९।** जग्गा अधिग्रहण र मुआब्जाको टुङ्गो नलगाई रेल विभागले ठेक्का प्रक्रिया अघि बढाएपछि मेची-महाकाली विद्युतीय रेलमार्गका प्रभावित अन्योलमा देखिएका छन्।

रेलमार्ग अन्तर्गत काँकरभिट्टा-इनरुवा खण्डको झापामा जग्गा अधिग्रहण गर्न विभागले पर्याप्त स्थलगत अध्ययन र स्थानीयसँग समन्वय नगरेको प्रभावित क्षेत्रका बासिन्दाको आरोप छ।

मेची-महाकाली विद्युतीय रेलमार्गअन्तर्गत काँकरभिट्टा-इनरुवा खण्ड अन्तर्गत झापामा जग्गा अधिग्रहण गर्न रेल विभागले जिल्ला प्रशासन कार्यालय झापामार्फत् गत जेठ २४ गते ३५ दिने सूचना प्रकाशित गरेको थियो। लकडाउनका र द्विविधाका कारण अधिकांश प्रभावित क्षेत्रका बासिन्दाले मुआब्जाका लागि आवेदन बुझाउन सकेनन्। रेल विभागले जारी गरेको सूचनामा सार्वजनिक गरिएका कित्ता र हाल भोगचलनमा रहेका कित्ता नम्बर र क्षेत्रफल नमिलेपछि स्थानीय अन्योलमा देखिए। खासगरी अधिकाशंको उक्त सूचनामा रहेको र अहिले प्रचलित कित्ता नम्बर फरक पर्न गएपछि प्रभावित क्षेत्रका जग्गाधनी अन्योलमा देखिएका हुन्। रेल विभागले पर्याप्त फिल्डको अध्ययन र स्थानीयसँग समन्वय नगरेका कारण आफूहरु अन्यौलमा परेको प्रभावित क्षेत्रका बासिन्दाको भनाइ छ। ‘जहाँबाट रेल कुद्ने हो, त्यहाँका वासिन्दालाई आफ्नो कति जग्गा जाने हो भन्नै नै थाहा छैन’ -कमल-६ का रेल प्रभावित क्षेत्रका बासिन्दा दिलीपकुमार संग्रौलाले भने- ‘रेल विभागका मानिसहरु आएर समन्वय गरेर काम अगाडि बढाएको भए हामीलाई यस्तो द्विविधा हुने थिएन।’

बिर्तामोड-३, सैनिकमोडका राम उप्रेती पनि रेलमार्गको निर्माणका लागि विभागले स्थानीयसँग छलफल नै नगरेको दुखेसो गरेका छन्। ‘मैले डेढ बर्षअघि मात्रै करोडौंको लगानीमा अस्पताल निर्माण गरेँ - उनले भने- ‘पहिलै थाहा भएको भए म त्यत्रो संरचना त बनाउने थिइन नि, अहिले पनि कहिले कहाँ भनेको छ कहिले कहाँ भनेको छ, हामी त अन्यौलमा छौं।’

पहिलो चरणमा झापाको काँकरभिट्टादेखि सुनसरीको इनरुवासम्म १०६ किलोमिटर विद्युतीय रेल मार्ग बनाउने योजनासहित रेल विभागले ठेक्का प्रक्रिया अघि बढाएको छ। तर, विभागले ठेक्का प्रक्रिया अघि बढाए पनि आफ्नो कति जमिन रेल मार्गमा पर्छ भन्ने थाहा नपाएका स्थानीयले मुआब्जाको टुङ्गो लागेपछि मात्रै प्रक्रिया अघि बढाउन माग गरेका छन्। ‘धेरै नै अन्यौल देखिएको छ’- रेल्वे प्रभावित समन्वय समिति बिर्तामोडका अध्यक्ष डा. लक्ष्मीप्रसाद मैनालीले भने- ‘ मुआब्जाको टुङ्गो लागेपछि मात्रै प्रक्रिया अघि बढाउँदा राम्रो हुने भनेर हामीले विभागमा जानकारी दिई सकेका छौं।’

रेलमार्ग निर्माणका लागि झापाको करिब ३ सय ३ बिगाह जमिन अधिग्रहण हुँदैछ। विभागले रेलमार्गका लागि अधिग्रहण गरिने जग्गाका धनीलाई मुआब्जा वितरणका लागि आवश्यक प्रक्रिया शुरु भइसकेको जनाएको छ। कतिपय स्थानीयको कित्ता नम्वर र क्षेत्रफल नमिलेको बारे आफूहरुलाई समेत जानकारी आएकोले त्यस्तो विवरण लिएर अद्यावधिक गर्ने र अर्को सूचना निकाल्ने विभागका सिनियर डिभिजनल इञ्जिनियर देवेन्द्रकुमार सिंह बताउँछन्। ‘कित्ता नम्बर नमिल्ने समस्या रहेको मैले पनि सुनें’ -उनले भने- ‘त्यसलाई करेक्सन गरेर अर्को सूचना निकाल्छौं, मुआब्जाको प्रक्रिया सिडीयो कार्यालयबाट अघि बढिसकेको छ।’

(बाँकी अन्तिम पृष्ठमा)

# स्थानीय तहले अझै बजेटको विवरण उपलब्ध गराएनन्

**झापा, साउन १९।** एक सय ५१ स्थानीय तहले अझै पनि बजेट विवरण पठाएका छैनन्। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई आर्थिक वर्ष २०७७/७८ को पेश गरेको बजेट विवरण पठाउन पटकपटक निर्देशन दिए पनि अझै पनि १५१ स्थानीय तहले बजेट विवरण नपठाएका हुन्।

मन्त्रालयका प्रवक्ता वसन्त अधिकारीका अनुसार अहिलेसम्म ६०२ स्थानीय तहले मात्र आफूले पेश गरेको बजेटको विवरण मन्त्रालयमा पठाएका छन्।

पेश नगर्ने स्थानीय तहमा प्रदेश नं १ का २२, प्रदेश नं २ का ६६, वाग्मती प्रदेशका २०, गण्डकी प्रदेशका १०, प्रदेश नं ५ का छ, कर्णाली प्रदेशका ५ र सुदूरपश्चिम प्रदेशका २२ वटा रहेका छन्। मन्त्रालयका प्रवक्ता अधिकारीले पुनःविवरण पठाउन निर्देशन दिएको बताए। गत असार १० गतेभित्र सबै स्थानीय तहले आव २०७७/२०७८ को बजेट पेश गरेका थिए। संवैधानिक व्यवस्था अनुसार स्थानीय तहले पेश गरेको बजेट मन्त्रालयमा बुझाउनुपर्ने हुन्छ।

कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **‘कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष’** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक **शाखाः** सिंहदरबार परिसर

**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष

**खाता नं.** १९६०००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## क्रिकेटर सन्दीप १४ दिन क्वारेन्टिनमा



**काठमाडौँ, साउन १९ ।** क्यारेबियन प्रिमियर लिग (सीपीएल) खेल्नका लागि ट्रिनिडाड एन्ड टोबागो गएका नेपाली क्रिकेट खेलाडी सन्दीप लामिछानेलाई १४ दिनको क्वारेन्टिनमा राखिएको छ ।

सीपीएल खेल्ने सन्दीपलगायत सम्पूर्ण खेलाडीलाई आइतबारदेखि क्वारेन्टिनमा राखिएको हो । सीपीएल आगामी भदौ २ गतेदेखि शुरु हुँदैछ । 'प्रतियोगिताअघि सबै खेलाडीले अनिवार्य १४ दिन क्वारेन्टिन बस्नुपर्ने आयोजकले नियम बनाएको छ, त्यसैअनुसार अन्य खेलाडीले जस्तै सन्दीप पनि क्वारेन्टिनमा बस्नु परेको हो'- उनका व्यवस्थापक रमन शिवाकोटीले भने । यसबीचमा सन्दीपले आफ्नो पीसीआर परीक्षणसमेत गराउनु पर्ने उनले बताए ।

सन्दीप कोरियन एयरको चार्टर्ड जहाजमार्फत बिहीबार दक्षिण कोरिया र त्यहाँबाट अमेरिका हुँदै ट्रिनिडाड एन्ड टोबागो गएका हुन् । सरकार र अन्य विभिन्न निकायको सहयोगमा उनी टोबागो गएका थिए । टोबागो उड्नुअघि सन्दीपले गत मङ्गलबार पीसीआर परीक्षण गराएका थिए । उनको सानेपास्थित स्टार हस्पिटलमा स्वाब परीक्षण गरिएको र त्यसको नतिजा नेगेटिभ आएपछि मात्र टोबागो उड्न सहज भएको व्यवस्थापक शिवाकोटीले बताए । सरकारले अन्तर्राष्ट्रिय हवाई उडान आगामी भदौ १ गतेदेखि मात्र खोल्ने निर्णय गरेका कारण केही समय सन्दीपले सीपीएल खेल्नेबारे अन्योल भएको थियो ।

सन्दीप सीपीएलका लागि यस पटक जमैका तल्लावाहजबाट अनुबन्धित भएका हुन । उनलाई जमैकाले ९० हजार अमेरिकी डलरमा अनुबन्ध गरेको हो । सन्दीपले सीपीएल खेल्न लागेको यो तेस्रो पटक हो । उनले यसअघि सन् २०१८ मा पहिलो पटक सेन्ट किट्स एन्ड नेभिस पेट्रीयट्सबाट सीपीएल खेलेका थिए । त्यसका लागि उनलाई पाँच हजार अमेरिकी डलर पारिश्रमिक दिइएको थियो । उक्त प्रतियोगितामा उनले पाँच खेलमा सात विकेट लिएका थिए ।

यस्तै दोस्रोपटक सन्दीपले सन् २०१९ मा बार्बाडोस ट्राइडेन्ट्सबाट सीपीएल खेलेका थिए । उनले गत वर्ष ७० हजार अमेरिकी डलर पारिश्रमिक प्राप्त गरेका थिए । सन्दीपले सो प्रतियोगितामा छ खेलमा आठ विकेट लिएका थिए । यसपटक सन्दीपको टोलीमा विश्व क्रिकेटका प्रख्यात खेलाडी आन्द्रे रसेल, कार्लोस ब्रेथवेट, तरबेज शाम्सी, ओशन थोमसलगायत छन् । उनी आबद्ध जमैका तलावाजले आगामी भदौ ३ गते सेन्ट लुसिया जौक्ससित खेल्नेछ ।

सिपिएलका लागि विश्वका २३ देशका ५३७ खेलाडीले नाम दर्ता गराएका थिए । सीपीएलमा जमैकासँगै बार्बाडोस ट्रिडेन्ट्स, ट्रिनबागो नाइट राइडर्स, गुएना अमेजन वारियर्स, सेन्ट लुसिया जौउक्स र सेन्ट किट्स एण्ड नेभिस प्याट्रिओट्सले प्रतिस्पर्धा गर्नेछन् । सीपीएलमा कूल ३३ खेल हुने छन् भने कारोना भाइरसका कारण ती सबै खेल बिना दर्शक खेलाइने आयोजकले जनाएको छ । सीपीएल आगामी भदौ २५ गतेसम्म चल्ने छ ।

सन्दीप टोबागोबाट सोझै इन्डियन प्रिमियर लिग (आईपिएल) खेल्न असोज दोस्रो साता युनाईटेड अरब इमिरेटस् जानेछन् । यसपटक १३ औँ संस्करणको आईपीएल आगामी सेप्टेम्बरदेखि युएईमा शुरु हुँदैछ ।

कोरोना भाइरसका कारण यसपटक आईपीएल भारतमा आयोजना गर्न नसकिएको हो । आईपीएल युएईमा आयोजना गर्न भारत सरकारले आयोजकलाई आइतबार अनुमति दिएपछि सो प्रतियोगिता हुने पक्का भएको हो । सन्दीपले आईपीएल दिल्ली क्यापिटल्सबाट खेल्नेछन् ।

# वडा अध्यक्षले सञ्चालन गरेको सप्लायर्सले उपभोक्ता ठग्दै

**दिलकुमार लिम्बू**

**ताप्लेजुङ, साउन २०।** ताप्लेजुङको फुङलिङ नगरपालिका -९ का वडा अध्यक्ष तारा बरालले संञ्चालन गर्दै आएको फुङलिङ बजारस्थित आशिका आयल सप्लायर्सले पेट्रोल र डिजेल बढी मूल्यमा विक्री गरी उपभोक्ता ठग्दै आएको खुलेको छ ।

नेपाल आयल निगमले गत शनिवार राति १२ बजे देखि लागू हुने गरी मूल्य समायोजन गरेको छ । इण्डियन आयल कर्पोरेशनबाट प्राप्त खरिद मूल्यमा समेत वृद्धि भएकोले मूल्य समायोजन गर्नु परेको निगमले प्रेस विज्ञप्तिमा उल्लेख गरेको छ ।

ताप्लेजुङको सदरमुकाममा अहिलेसम्ममा पाथीभरा आयल सप्लायर्स र आशिका आयल सप्लायर्स गरी दुईवटा पम्पले पेट्रोल र डिजेल खरिदविक्री गर्दै आएका छन् । गत शनिबारसम्म पाथीभरा आयल सप्लायर्सले पेट्रोल प्रति लिटर रु. १०८.५० र डिजेल ९७ रुपैंयामा विक्री गर्दै आएको थियो भने, आशिकाले प्रति लिटर रु. ११५ रुपैंया पेट्रोल र डिजेल ९७.५० रुपैंयाँमा विक्री गर्दै आएको थियो । नेपाल आयल निगमले गत शनिवार प्रेस विज्ञप्तिमार्फत २ रुपैयाँ मूल्य वृद्धि गरेसँगै पाथीभरा आयल सप्लायर्सले पेट्रोल रु. ११०.५० र डिजेल रु. ९७ रुपैयामा विक्री वितरण गर्दै आएको छ । आशिका सप्लायर्सले भने अघिल्लो मूल्य आइतवारसम्म कायम गरेको थियो । उसले पेट्रोल प्रतिलिटर ११५ रुपैयाँ र डिजेल ९७.५० रुपैंयामा विक्री वितरण गरिरहेको छ । पाथीभरा आयल सप्लायर्सले भन्दा आशिकाले गत शनिवारसम्म प्रतिलिटर पेट्रोलमा ६.५ रुपैंयाँ र डिजेल ०.५० रुपैयाँ बढी मूल्यमा विक्री वितरण गर्दै आएका थिए । आइतवारदेखि प्रतिलिटर पेट्रोलमा ५ रुपैयाँ र डिजेल प्रतिलिटर ०.५० पैंसा बढी मूल्यमा विक्री वितरण गर्दै आएको छ ।

एक ट्याङ्कर पेट्रोल डिजेलमा १२ हजार लिटर विराटनगर आलय निगमदेखि ताप्लेजुङको सदरमुकाम सम्म पुग्दा ढुवानी, विमा, चालक बोनस र राजश्व गरी एक ट्याङ्कर पेट्रोल वा डिजेल ताप्लेजुङ पुग्दा प्रति लिटर पेट्रोल र डिजेलको मूल्य ७ रुपैयाँ पर्न आउने पाथीभरा आयल सप्लायर्सका सञ्चालक यादव श्रेष्ठले बताए । नेपाल आयल निगमले तोकेको मूल्य भन्दा ०.३ प्रतिशत बढी मूल्यमा विक्री वितरण गर्न पाउने भएपनि आशिकाले निगमले तोकेका मूल्य भन्दा १३ प्रतिशत बढी मूल्यमा विक्रि वितरण गर्दै आएको छ । ट्याङ्करमा नल्याएर ड्रममा ल्याउँदा केही मूल्य बढी पर्ने भएकोले केही मूल्य बढी हुन गएको आशिकामा कार्यरत् एक कर्मचारीले बताए । नेपाल आयल निगम पेट्रोलियम पदार्थ विक्रेता नियमावली २०७५को परिच्छेद ६ अनुसार नेपाल आयल निगमको अनुसूची १० बमोजिम लोगोसहितको होर्डिङबोर्ड राख्नु पर्ने उल्लेख भए तापनि आशिका आयल सप्लार्यसले अहिलेसम्म होर्डिङ बोर्ड र मूल्य सूची पनि राखेको छैन । रातको समयमा पम्प राखेर तान्ने ड्रम, जार र कोकको बोतलमा भर्ने र विहान देखि दिउँसोसम्म भरेको पेट्रोल र डिजेल विक्री गर्ने गरेको एक टेम्पो चालक कृष्ण लिम्बूले बताए । कहिलेकाँही पाथीभरा आयल सप्लार्यसमा पेट्रोल सकिएको समयमा बढी मूल्य तिरेर टेम्पो चलाउँदा तेलको मूल्यसमेत उठाउन नसकेको चालक वीरकुमार लिम्बूले बताए ।

नेपाल आयल निगम चारआली कार्यालय प्रमुख गोपाल दियालीका अनुसार ताप्लेजुङमा सञ्चालित आयल सप्लायर्स दुईवटा मध्ये पाथीभरा आयल सप्लायर्स ख वर्गको साधारण विक्रेता र आशिका आयल सप्लायर्स घ वर्गको प्याक्ड विक्रेता भएको फोनमार्फत जानकारी दिए । प्याक्ड विक्रेताले डिजेल मात्र विक्री वितरण गर्न पाउँने र पेट्रोल विक्री वितरण गर्न नपाउने उनले बताए । तर प्याक्ड विक्रेता तथा आशिका आयल सप्लायर्सले पेट्रोल विक्री गर्दै आएको जानकारी नभएको चारआली कार्यालय प्रमुखले बताए ।

## बोझेखोला-सुनकोशी ग्रामीण सडक सञ्चालनमा

**खोटाङ, साउन १९।** हलेसी तुवाचुङ नगरपालिकास्थित बोझेखोला-सुनकोशी ग्रामीण सडक सञ्चालनमा आएको छ । वडा नम्बर-३ च्यास्मिटारको बोझेखोलादेखि वडा नम्बर-५ दुर्छिमको छोकमाला हुँदै सुनकोशी किनार जोड्ने नगरपालिकास्तरीय १२ किलोमिटर सडक सञ्चालनमा आएको हो ।

नगरपालिकाकै विकट क्षेत्रका रुपमा रहेको हैदे र दाम्दलेलाई सडक सञ्जालमा जोड्ने लक्ष्यका साथ नगरपालिकाले बोझेखोला-छोकमाला-दाम्दले-हैदे-सुनकोशी झोलुङ्गे पुल सडकलाई प्राथमिकतामा राखेको थियो । नगरपालिकास्तरीय सडकका रुपमा दुई वर्षअघि नगरपालिकाले विनियोजन गरेको रु. १५ लाख रकमबाट निर्माण गरिएको सडकका लागि गत वर्ष प्रदेश सरकारबाट रु. दश लाख बजेट विनियोजन भएको थियो ।

नगरपालिका र प्रदेश सरकारको बजेट अपुग हुँदा बाँकी रहेको करिब तीन किलोमिटर सडकखण्डलाई पूरा गरेर सञ्चालनमा ल्याइएको नगरप्रमुख इवन राईले जानकारी दिए । बाँकी रहेको सडकखण्ड यसपटक नगरपालिकाकै तर्फबाट तेल हालेर नगरपालिकाकै मेशिन प्रयोग गरेर पूरा गरिएको हो । उदयपुरको लिम्चुङबुङ गाउँपालिकाको बाँसबोटे जोड्ने सुनकोशी पुलसम्म पुऱ्याइएको सडकलाई क्रमशः दुर्छिमकै बतासेघाट जोड्ने गरी विस्तार गरिने नगरपालिकाले जनाएको छ । बोझे खोला-सुनकोशी झोलुङ्गे पुल सडक निर्माणका क्रममा छोकमालाबाट विकट बस्तीका रुपमा रहेको लाहाटुङसम्म सडक पुऱ्याइएको हो ।

सडक सञ्चालनमा आएपछि आवतजावत, दैनिक उपभोग्य वस्तु ढुवानी, तथा सुनकोशीको ढुङ्गा, गिट्टी र बालुवा निकासीमा सहज भएको स्थानीय बासिन्दाले बताएका छन् । सडक अभावमा घण्टौं पैदलयात्रा गर्दै आएका स्थानीय बासिन्दा आफ्नो घर आँगनमै यातायातको साधन आइपुगेपछि हर्षित भएका छन् । जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने उक्त नगरपालिकाको सबै वडामा कच्ची सडक पुगेको छ । सुक्खाग्रस्त क्षेत्रमा पर्ने उक्त नगरपालिकामा निर्माण गरिएको सडकमा बाह्रै महिना गाडी सञ्चालन हुने गरेको छ ।

# वनको हैसियतमा सुधार

**विराटनगर, साउन १९ ।** वैज्ञानिक वन व्यवस्थापनका कारण यसको हैसियतमा सुधार आएको छ ।

वैज्ञानिक वन व्यवस्थापनबाट राजश्वमा वृद्धि, आयातित काठ प्रतिस्थापन, रोजगारी सिर्जना, नयाँ बिरुवा वृद्धि, हरियाली वनमा वृद्धि र स्वच्छ वातावरण निर्माण र वन पैदावारमा वृद्धि हुँदै गएको छ । त्यस्तै वैज्ञानिक वन व्यवस्थापनले यसको संरक्षण तथा सम्वर्द्धनमा उपभोक्तालाई थप संवेदनशील र जिम्मेवार बनाउँदै लगेको बताइएको छ ।

प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले वैज्ञानिक वन व्यवस्थापन लागू भएका सामुदायिक तथा साझेदारी वनको स्थलगत अनुगमनको क्रममा सहभागीले मोरङमा वैज्ञानिक वन व्यवस्थापनको प्रभावकारी कार्यान्वयनबाट यसको हैसियतमा सुधार आएको बताएका छन् । समितिका सभापति पूर्णकुमारी सुवेदीको नेतृत्वको टोलीले वैज्ञानिक वन कार्यक्रम लागू भएका ३४ मध्ये तीनवटा सामुदायिक तथा साझेदारी वनको अनुगमन गर्दै त्यसको अवस्था र प्रभावका बारेमा जानकारी लिएको थियो । वैज्ञानिक वनको कार्यान्वयन अवस्था बुझ्न आएको टोलीले यही साउन १६ देखि तीन दिनसम्म झापा, मोरङ तथा सुनसरी जिल्लाका वनक्षेत्रको स्थलगत अनुगमन गरेको थियो ।

अनुगमनपछि सोमबार पथरीको हरियाली सामुदायिक वनको सभाहलमा आयोजित अन्तर्क्रिया कार्यक्रममा समितिका सदस्यले वैज्ञानिक वन व्यवस्थापनको अवस्था प्रदेश नं. १ मा सन्तोषजनक रहेको बताए । सभापति सुवेदीले वैज्ञानिक वनमा रुख कटान र नयाँ बिरुवा पुनःस्थापनको अवस्था पूर्वी नेपालमा राम्रो पाएको उल्लेख गर्दै नेपालको संविधान र नयाँ संरचना अनुसार वैज्ञानिक वन व्यवस्थापन कार्यविधि-२०७१ लाई समयानुकूल परिमार्जन गर्नुपर्ने आवश्यकतामाथि जोड दिए । समितिका सदस्य घनश्याम खतिवडाले वैज्ञानिक वन व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीयस्तरमा सुझाव सङ्कलन गरिरहेको बताए ।

यसैगरी समिति सदस्य शान्ता चौधरीले वैज्ञानिक वन व्यवस्थापन लागू भएका वनक्षेत्रमा कार्यविधि बमोजिम उपयुक्त सङ्ख्यामा माउ रूख कायम राखिनुपर्ने र थप पुनरोत्पादन संरक्षणको आवश्यकता रहेको कुरामा जोड दिइन् । उनले वैज्ञानिक वन व्यवस्थापन लागू भएको हरियाली सामुदायिक वनले राम्रो काम गरेकोमा प्रशंसा गरिन् ।

समिति सदस्य राजबहादुर बुढाक्षेत्री तथा शान्तिमाया पाखिनले वैज्ञानिक वन व्यवस्थापनको उपलब्धि र समस्यालाई प्रतिवेदनमा उल्लेख गर्ने बताए । कार्यक्रममा डिभिजन वन कार्यालय मोरङका प्रमुख विशाल घिमिरेले जिल्लाको वैज्ञानिक वनको अवस्था र वस्तुस्थितिका विषयमा प्रस्तुतिकरण दिएका थिए ।

जनसेवा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष दिलाराम राई, बेलबारी चिसाङ साझेदारी वनका संयोजक दिनेश गिरी, हरियाली सामुदायिक वन उपभोक्ता समितिका लेखा सदस्य केशव दाहाल, शान्ति सामुदायिक वनकी सचिव मेनुका राई तथा रमिते सामुदायिक वनका प्रतिनिधि राजु परियारले सरकार, संसद् तथा बजेट भाषणमै आर्थिक समृद्धिको आधार वन भन्ने कुरा पटक-पटक सम्बोधन हुने गरेकाले वैज्ञानिक वन व्यवस्थापनलाई अझ प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्नेमा जोड दिए ।

सामुदायिक वन उपभोक्ता महासङ्घ प्रदेश नं. १ का संयोजक तुलसी सङ्ग्रौला, महासङ्घका जिल्ला अध्यक्ष रामकृष्ण राईलगायतले भएका रुख काटेर कुनै पनि वन व्यवस्थित र वैज्ञानिक नहुने धारणा व्यक्त गरे ।

कार्यक्रममा प्रदेशसभा प्रदेश नं. १ उद्योग, पर्यटन वन तथा वातावरण समितिका सभापति सीता थेवेले प्रदेश वन ऐन २०७६ जारी भइसकेको र प्रदेश सरकारले समेत वन उपभोक्ता समस्या सम्बोधन हुने गरी यस प्रदेशमा वनका कार्यक्रम लागू गर्ने कुरा बताइन् । पथरी शनिश्चरे नगरपालिकाका प्रमुख दिलीप राई तथा लेटाङ नगरपालिकाका प्रमुख शङ्कर राईले स्थानीय तहका समन्वयमा वनको पैदावार तथा उत्पादन बढाएर सर्वसाधारणको जीवनस्तर उकास्नमा सहयोग पुऱ्याउनुपर्ने बताएका थिए ।

सुदूरपश्चिमका केही जिल्लामा वैज्ञानिक वन व्यवस्थापनका नाममा अनियमितता भएको विषयमा गुनासो आएको भन्दै नेपाल सरकारले गत जेठ-१५ गतेदेखि मुलुकभरका वनक्षेत्रबाट उत्पादित काठ बिक्री वितरणमा रोक लगाउँदै त्यस विषयमा सत्यतथ्य बुझ्न संसदीय समिति गठन गरेको छ ।

उक्त समितिले मोरङ, झापा तथा सुनसरी जिल्लाका वनको स्थलगत अनुगमन गरी सर्वसाधारणको राय सुझाव लिएको हो । स्थानीयस्तरबाट आएको सुझाव अनुसार यस विषयमा सरकारले धारणा बनाउने समितिका सदस्य घनश्याम खतिवडाले बताए ।

मोरङ जिल्लामा ३४ वटा सामुदायिक वन तथा चारवटा साझेदारी वनमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम २०७१ सालदेखि लागू भएका छन् । देशभरमा ७७ जिल्लामध्ये ५५ जिल्लाका ७५० वटा सामुदायिक वन, १५ वटा साझेदारी वन तथा छ वटा चक्लावन्दी वनमा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू भएकोसमेत डिभिजन प्रमुख विशाल घिमिरेको भनाइ छ ।

वैज्ञानिक वनले कुनै एक क्षेत्रलाई आठ भागमा विभाजन गरी कुनै एक भागलाई पुनः १० भागमा विभाजन गरेर माउ रुखलाई राखेर पुरानो, ढल्न लागेको, नष्ट हुने अवस्थाका र नयाँ बिरुवालाई हुर्कन रोक्ने रुखलाई कटान गरी नयाँ बिरुवा हुर्कने कार्य वैज्ञानिक वन व्यवस्थापन हो ।


## क्रेन भाडामा चाहिए





अब बिर्तामोडमै २५ टन क्षमताको जापनीज क्रेन भाडामा उपलब्ध छ । चाहिएमा तत्काल सम्पर्क गर्नुहोला । साथै ग्रेडर, रोलर, ट्यांकर लगायतका निर्माण उपकरण भाडामा चाहिए सम्पर्क गर्नुहोला । गिट्टी, बालुवा लगायतका निर्माण सामग्री समेत उचित मूल्यमा उपलब्ध छ ।

**सम्पर्क: ०२३-४२१०५३/ ९८४२६२३६८६/ ९८५२६७२१०२**



**झापा गाउँ पालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**टाघनडुब्बा झापा, १ नं. प्रदेश, नेपाल**

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथमपटक प्रकाशित मिति : २०७७/४/१८

प्रस्तुत बिषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को च.नं.२३ मिति २०७७/०४/१२ को पत्रानुसार यस झापा गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रका लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिम विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७७-०७८ | प्राविधिक सहायक | स्थानीय तहको पाँचौं तह सरह | १ |

**१. आवश्यक न्युनतम् योग्यता र अनुभवः**
(क) सिभिल इन्जिनियरिङमा प्रवीणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।
(ख) **अनुभव र सीपः** प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछः
- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव,पारस्परिक सम्बन्ध सम्बन्धी सीपसहित कम्तिमा ६ महिनाको अनुभब भएको ।

(ग) **उमेरः** कम्तिमा १८ बर्ष पूरा भई ४५ बर्ष ननाघेको।
२) **दरखास्त दिने स्थानः** झापा गाउँ कार्यपालिकाको कार्यालय, झापा
३) **दरखास्त दिने अन्तिम मितिः** २०७७/०५/०१
४) **आवेदन दस्तुरः** रु.५००।०० (पाँच सय मात्र)
५) छनौटको किसिम:प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित परीक्षा
६)आवेदन साथ संलग्न कागजातहरुः आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
- नागरिकता प्रमाणित प्रतिलिपि
- न्यूनतम् योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव सम्बन्धी कागजात
- २ प्रति पासपोर्ट साइजको फोटो

७) **सेवा सुबिधाः** "गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रिया" को दफा (११),(१२) र (१३) बमोजिम हुनेछ।
८) पदले सम्पादित गर्नुपर्ने कार्य विवरणः "गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया" को दफा (९) बमोजिम हुनेछ।
९) करार अवधि : १ वर्षको हुनेछ। कार्य सम्पादन र मूल्याङ्कनको आधारमा प्रत्येक आ.व. मा तोकी सेवा करार अवधि नवीकरण हुन सक्नेछ।
१०) परीक्षा मितिः पछि प्रकाशित गरिनेछ।

नोटः आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी WWW.PMEP.GOV.NP मा उपलब्ध हुनेछ। थप जानकारीका लागि ९८१७९६९३१८ (राजु उराव , रोजगार संयोजक) मा सम्पर्क गर्नुहोला।


## पाकशालाका ...

छ । देशलाई आर्थिक रुपमा सम्पन्न बनाउने र रोजगारका अवसर सृजना गर्ने क्षेत्र होटल हो ।

आतिथ्य सत्कारदेखि खान बस्नसम्म राम्रो वातवरण चाहिन्छ । त्यो व्यवस्थापन गर्ने भनेको जो कोहीले गर्न सक्दैन । जसले पढेर बुझेर गरेको हुन्छ, उसले मात्र व्यवस्थापन गर्न सक्छ । होटल खोलेर मात्र हुँदैन । राम्रो व्यवस्थापन हुनुपर्छ नेपालका सबै होटलमा त्यस्तो वातावरण छैन- पराजुलीले भने - होटलमा आएका पाहुना चाहे त्यो पर्यटक नै किन नहोस् उनीहरुको चाहना इच्छा पूरा गर्न सक्नुपर्छ । यदि फितलो सेवा भयो भने त्यसले नराम्रो असर पार्छ । त्यसैले होटलका लागि चाहिने दक्ष जनशक्ति उत्पादन गर्न होटल म्यानेजमेन्टको भूमिका महत्वपूर्ण हुन्छ ।

होटलमा काम गर्ने मानिसलाई अहिलेपनि तल्लो दर्जामा हेर्ने गरिन्छ- पराजुलीले भने - हामीमा होटलमा काम गर्ने मानिसलाई तल्लो दर्जाका रुपमा हेर्ने गरिएको छ । विश्वमा अधिकतम् मानिसले रुचाएको पेशा होटल व्यवसाय हो -पराजुली भन्छन्- त्यसमा पनि किचन त मुटु नै हो । एउटा होटललाई टिकाउन पनि राम्रो सेफ हुन जरुरी छ ।

आज विश्वभर फैलिएको कोरोना भाइरसको बढ्दो संक्रमणका कारण होटल क्षेत्र नराम्ररी प्रभावित भएको छ । होटलमा आश्रित धेरै मानिस अहिले बेरोजगार छन् ।

अझ नेपालमा सञ्चालित सानादेखि ठूला होटलको समस्या उस्तै छ । नेपालमा पर्यटनको प्रचुर सम्भावना भएर पनि होटल व्यवसायले फड्को मार्न नसकिरहेको अवस्थामा अझ कोरोनाको बढ्दो संक्रमणले यो क्षेत्र थिलथिलिएको छ । यसलाई व्यवस्थित गर्दै लान सरकारले तदारुकता देखाउन जरुरी छ ।

होटल मेनेजमेन्ट अध्ययन गर्ने विद्यार्थीको रुची अधिक भएको र विश्वभर होटललाई राम्रो र सम्मानित क्षेत्र मानिएकाले सरकारले समेत यो क्षेत्रलाई हेर्न जरुरी देखिन्छ - उनले भने ।

## झापामा...

मुआब्जा प्रक्रिया शुरु भएसँगै रेलमार्ग निर्माणको कामले गति लिएको विभागको विश्वास छ ।

जग्गा प्राप्ति ऐन २०३४ अनुसार प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित मुआब्जा निर्धारण समितिले मुआब्जाको टुङ्गो लगाउने प्रावधान छ । विभागले मुआब्जा निर्धारणका लागि जिल्लास्थित जिल्ला प्रशासन कार्यालय झापामार्फत् प्रक्रिया अघि बढाइसकेको जनाएको छ । त्यसका लागि उपसमितिसमेत गठन भइसकेको बिभागले जनाएको छ ।


## फ्लाट भाडामा

**कार्यालय तथा आवसाका लागि अति उपयुक्त फ्लाट । फराकिलो कोठा र सुरक्षाका लागि कम्पाउण्डसहितको फ्लाट । (बिर्तामोड-१, बाल्मिकी स्कूलको ठीक उत्तर, दुर्गा मन्दिर छेउमा ।)**

**सम्पर्क : ९८२३७२६९७९**



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।



पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।



सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

**बिर्तामोड सम्पर्क**
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



**दमक सम्पर्कः**
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## शिक्षित मुर्खहरु नै कोरोना वाहक !

स्थितिको गाम्भीर्य अनुभूत गर्न नसक्दा कोरोना अकल्पनीय मृत्युको कारण बन्न सक्ने देखिएको छ । रोकथामका लागि भन्दै सरकारले बन्दाबन्दीको घोषणा गऱ्यो र चार महिनापछि अन्त्य पनि भयो । अन्त्यको घोषणालाई सर्वसाधारणले उन्मुलन ठाने शायद र त्यसपछिका घटनाहरु र अवस्था जटिल बन्दै जाँदैछ । सरकार घोषणामा मात्रै अडियो, उसले सर्वसाधारणलाई सम्भाव्य जटिलताको सञ्चार गर्न जानेन वा गर्न चाहेन । हुँदा-हुँदा परीक्षणको दर पनि घटाउँदै लग्यो । सीमापारीबाट आउने क्रमलाई रोक्न सकेन र व्यवस्थित गर्न पनि सकेन । त्यसकै परिणाम परीक्षण घटाउँदा पनि संक्रमितको संख्या दिनहुँ बढ्दै गयो । यही परिस्थितिका बीच चिकित्सकहरुले सरकारलाई कठोर ढंगले प्रस्तुत हुन सुझाए, तर अवस्थामा फेरबदल भएन ।

बन्दाबन्दी अन्त्य गर्नु भनेको जीवन पद्धति पूर्ववत् सञ्चालन गर्नु होइन भन्ने आम जनताले बुझ्दै बुझेनन् । फलतः सडक, बजार, चौरस्ता, चाडपर्व, मेला, यातायात यहाँसम्म कि सरकारी कार्यालयहरु नै निस्फिक्री भीडभाड बन्दै गए । कोरोनाजन्य विषम् परिस्थितिलाई कसरी नियन्त्रणमा राख्ने त्यसतर्फ सरकारको चिन्ता, चासो र योजना नै देखिएन । यसले कोरोना महासंकटकारुपमा समुदायमा प्रवेश गरिसकेको हो कि भन्ने देखिन थालेको छ । बन्दाबन्दी सम्पूर्ण समाधान होइन, यो सबैले जानेकै कुरा हो, तर उसलाई उपयोग गर्दै गर्नुपर्ने पूर्व तयारी र बनाउनुपर्ने रणनीतिमा भने सरकार असफल भयो । बन्दाबन्दीको आवश्यकता र औचित्य जनतालाई बुझाउन नसक्दा सरकार गैरजिम्मेवार मात्र भएन जनताको जीवन रक्षा गर्न नसक्ने लाचार बन्न पुग्यो ।

कोरोना कहरले उत्पन्न गरेको प्रतिकूलताका बीच विश्व स्वास्थ्य संगठनद्वारा निर्देशित स्वास्थ्य रक्षाको मापदण्ड सरकारबाटै पालना गरिएन । सरकारी कार्यालयहरु राजश्व संकलन गर्ने भन्दै खोलियो । करदातालाई कर-राजश्व बुझाउन ताकेता गरियो । कार्यालयहरु कोरोना भाइरसका संवाहक बनिँदा पनि त्यसलाई मापदण्डभित्र ल्याउने पहल गरिएन । यसरी एकपछि अर्को गर्दै सरकार दृष्टिकोण, दीर्घकालीन योजना, प्रतिबद्धता र जिम्मेवारीबाट स्खलित हुँदै गयो । आज परिस्थिति यति भयानक भइसक्यो कि महामारी रोक्न अग्रपंक्तिमा रहने सुरक्षाकर्मी, चिकित्सक र स्वास्थ्यकर्मीहरु नै क्वारेन्टिनमा बस्नुपर्ने बेला आइसक्यो । संकटको स्थिति भयावह भइरहँदा देशका उपल्लो पद धारण गरेका व्यक्तिहरु नै न मास्कको प्रयोग गरिरहेका छन् न त दूरी कायम गरेको देखिन्छन् ।

कोरोना संक्रमण एउटा रोग नै हो । औषधि आइनसकेका कारण असाध्य जस्तै बनिएको यसले ठूलो-सानो, धनी-गरिब, पदधारी-सर्वसाधारण कसैलाई भेद गर्दैन । सरुवा भएका कारण एउटा व्यक्तिको असावधानीले अर्को व्यक्तिमा सहजै सर्ने भएकाले प्रत्येकले सतर्कता अपनाउनु यसबाट जोगिने सर्वोत्तम उपाय हो । सरकारले केही गर्ला भनेर आशा गरेर मुख ताकेर मात्रै बस्ने हो भने महामारी अकल्पनीय पीडाको कारण बन्ने निश्चित छ । यहीबीच भारतसँग सीमा जोडिएका कतिपय स्थानीय तहले फेरि बन्दाबन्दीको घोषणा गरेका छन् । कतिपय ठाउँमा निषेधाज्ञा नै जारी गरिएको छ । अनि पनि संक्रमण घट्ने क्रममा छैन । झापाकै कति स्थानीय सरकारले आ-आफ्ना हिसाबले बन्दाबन्दी घोषणा गरेका छन् । बिर्तामोड नगरपालिकाले पनि नगर क्षेत्र बन्द गरेको छ । तर, आवागमन र सवारीको भीडले बन्दाबन्दीको अनुभूति गर्न दिएको छैन । वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका चिकित्सक प्रा.डा. सञ्जीव शर्माले शिक्षित मुर्खहरुका कारण कोरोना समुदायमा प्रवेश गरेको भन्दै गम्भीर पीडा अभिव्यक्त गरेका छन् । त्यसले पनि जनता स्वयम् सचेत, सावधान र सतर्क रहनुपर्छ भन्ने सन्देश दिएको छ । आफ्नो जिउको मालिक आफैं हो त्यसैले कोरोना भयबाट मुक्ति पाउन स्वयम् सचेत बन्नुको विकल्प छैन ।

# आपत्कालमा शिक्षा



नेत्रप्रसाद निरौला

> त्यसैले फरक ठाउँमा भएको फरक समस्याको पहिचान गरी समस्याको समाधान खोज्नु उपयुक्त हुन्छ। त्यसैले अहिलेको महामारीको समयमा पनि तुलनात्मक रुपले सुरक्षित र असुरक्षित स्थानहरुको पहिचान गरी शैक्षिक क्षेत्रलाई क्रमशः खोल्दै जानुपर्ने आजको टड्कारो आवश्यकता देखिन्छ।

शिक्षाको महत्वको बारेमा बहस गरेर कहिल्यै सकिँदैन अथवा शिक्षाको महत्व अनन्त छ । तर, अहिलेको अवस्थामा शैक्षिक क्षेत्र अवरुद्ध छ । हाल विश्वव्यािी परुपमा फैलिएको कोरोना माहामारीका कारणले गर्दा प्रायजसो शैक्षिक क्षेत्रहरु ठप्प प्रायः छन् । हाम्रो देशको स्थिति मात्र हेर्ने हो भने करिब सत्तरी लाख बालबालिकाहरु शिक्षा लिनबाट वञ्चित छन् । लामो समयसम्म विद्यालयहरु बन्द रहँदा पढ्न पाउने बालबालिकाको नैसर्गिक अधिकारबाट ठूलो संख्याका बालबालिका वञ्चित रहनु सामान्य कुरा होइन । तर, यसका बारेमा मुलुकमा बहस, चर्चा, छलफल पर्याप्त मात्रामा भएको देखिँदैन ।

शिक्षाको असर तत्काल मात्र पर्दैन, यसले दीर्घकालीन असर पार्दछ । बन्दाबन्दिको (लकडाउन) अवस्थामा विद्यालय बन्द रहनु स्वभाभिक भए पनि बन्दाबन्दी क्रमशः हट्दै जाँदा शिक्षा क्षेत्रलाई अन्तिममा राख्नुले शिक्षा क्षेत्रलाई कम महत्व दिइएको झैं महशुस हुन्छ । तर, हामीले आपतकालीन अवस्थाले ल्याउन सक्ने विभिन्न प्रभावहरु जस्तैः बालबालिकामा पर्ने मनोसामाजिक प्रभाव, शिक्षा क्षेत्रमा पर्न सक्ने प्रभाव, समुदायमा पर्ने प्रभाव, सीमान्तकृत समूहमा पर्ने प्रभाव आदिका बारेमा पर्याप्त विश्लेषण, बहस, छलफल गरी एउटा निस्कर्षमा पुग्ने चेष्टा गर्न सकेको अवस्थामा कमी रहेको पाइन्छ । तर, साच्चै भन्ने हो भने शिक्षाको उपदेयता आपतकालीन अवस्थामा बढी रहन्छ । शिक्षाले शारीरिक, मनोसामजिक, संज्ञानात्मक आदि सुरक्षा प्रदान गर्दछ ।

शिक्षा अधिकार हो, समुदायले शिक्षालाई प्राथमिकता दिन्छ र बालबालिकाको संज्ञानात्मक र भावनात्मक विकासमा शिक्षाको महत्वपूर्ण स्थान रहन्छ । शिक्षाले जीवन बचाउन र धान्न मद्दत गर्छ । शिक्षाले सामाजिक पुनर्निर्माण र आर्थिक सुधारमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । शिक्षाले द्वन्द्व व्यवस्थापन र सहिष्णुता वृद्धि गराउनमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । अझ महत्वपूर्ण त के छ भने शिक्षा नै यस्तो औजार हो जसले कुनै पनि विपद्सँग लड्न सक्ने क्षमताको विकास गर्छ, विपद् जोखिम न्यूनीकरण गर्ने महत्वपूर्ण औजार अथवा अर्को शब्दमा भन्ने हो भने विपद् व्यवस्थापन चक्रको महत्वपूर्ण ईकाइ, क्षमता अभिवृद्धि हो, क्षमता बिना विपद्सँग लड्न सम्भव छैन ।

यसरी हेर्दा हालको परिस्थितिमा शिक्षाको भूमिका अझ महत्वपूर्ण देखिन्छ । तर, हामी यो महामारीलाई बढी नै महत्व दिएर, विद्यालय, शिक्षालाई कम आँकिरहेका छौं कि जस्तो लाग्छ । यसो भनिराखेको बेला मैले के बिर्सिराखेको छैन भने रोगको संक्रमण यदि विद्यालय प्रवेश गरेको खण्डमा यसले भयावह परिस्थितिको सिर्जना गर्न सक्छ । तर, यसका समाधानका केही उपायहरुसहित आपतकालमा शैक्षिक क्षेत्रमा के गर्न सकिन्छ भनेर चर्चा गर्न चाहन्छु, यो एकमात्र समाधान हो भन्ने मेरो जिकिर होइन, यसका थुप्रै विकल्प हुन सक्छन्, यो छलफलको विषय हुनसक्छ र जसबाट एउटा ठोस निष्कर्ष निस्कन सक्छ भन्ने मेरो ध्येय हो ।

नेपाल विपद्का दृष्टिकोणले विश्वमै संवेदनशील क्षेत्रमा रहेको छ । यहाँ समय-समयमा हुने विभिन्न प्रकारका विपद्हरुले ठूलो धनजनको क्षति पुऱ्याइरहेको हुन्छ । भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी आदि जस्ता विपद्हरुले वर्षेनि थुप्रै दुःख दिन्छ र हाम्रो शैक्षिक गतिविधिलाई अवरोध पुऱ्याई रहन्छ । यसको समाधानका लागि एउटा मुख्य उपाय भनेको पूर्व तयारी नै हो, आपतकालीन अवस्थाका लागि शिक्षाको पूर्व तयारी ।

सर्वप्रथम आपतकालीन शिक्षाका लागि एउटा न्यूनतम् मापदण्ड तोकिनु पर्छ । आपतकालीन शिक्षाका न्यूनतम् मापदण्डहरुले आपतकालीन अवस्थामा शिक्षाको पूर्व तयारी र राहत कार्यका लागि अनिवार्य रुपमा उपलब्ध हुनुपर्ने न्यूनतम स्तर निर्धारण गर्दछन् । आपतकालीन शिक्षाको न्यूनतम मापदण्ड निर्माण गर्नका लागि राहत कार्यमा संलग्न विभिन्न संस्था र निकायहरुको एक अन्तर संस्था सञ्जाल तयार गर्नुपर्दछ । यस अन्तर संस्था सञ्जालले आपतकालीन शिक्षाको पूर्व तयारी र शीघ्र पुनर्निर्माण कार्यको सिलसिलामा दिइने शिक्षाको ढाँचा तयार गर्दछ ।

दोस्रो, शैक्षिक समन्वय समूह गठन गर्न आवश्यक छ । शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुऱ्याउने विभिन्न सरकारी तथा गैर सरकारी संघ-संस्थाहरुको सञ्जाल नै शैक्षिक समन्वय समूह हो । अवरुद्ध शैक्षिक कार्य सञ्चालन गर्नमा शिक्षा मन्त्रालयलाई (मन्त्रालय अन्तर्गत अन्य विभाग, प्रदेश, जिल्ला, स्थानीय स्तर) सघाउनु नै शैक्षिक समन्वय समूहको प्रमुख जिम्मेवारी हो । यसका अलवा शैक्षिक समन्वय समूहको अन्य जिम्मेवारीमा, मुख्य साझेदारहरुको पहिचान गर्नु, कार्यक्रम कार्यान्वयनको समन्वय गर्नु, योजना निर्माण र रणनीतिको विकास एवम् मापदण्डहरुको प्रयोग गरी शैक्षिक गतिविधि सुचारु गर्नु हो ।

त्यस्तै शैक्षिक समन्वय समूहको अन्य महत्वपूर्ण कार्यहरुमा, आपतकालीन शिक्षाको अनुगमन गर्नु र प्रतिवेदन प्रस्तुत गर्नु, सहयोगको पक्षमा वकालत गर्नु र स्रोतको परिचालन गर्नु, नागरिक समाज र राष्ट्रसेवकहरुलाई प्रशिक्षित तुल्याई क्षमता निर्माण गर्नु र अन्तिम प्रतिवेदन दाताको भूमिका निर्वाह गर्नु हो । यसरी शैक्षिक समन्वय समूहको गठन आपतकालीन शिक्षाका लागि एउटा महत्वपूर्ण औजार हो । यो स्थानीय स्तर लगायत आवश्यक क्षेत्रमा अग्रीम गठन गर्नु आवश्यक छ र बेला-बेलामा बैठक, छलफल आवश्यक छ, जसले गर्दा आपतकाल आइपरिहाले यसलाई तुरुन्तै सञ्चालनमा ल्याउन सकियोस् ।

देश संघीयतामा गइसकेको परिप्रेक्षमा हरेक प्रदेश र स्थानीय निकायहरु अधिकार सम्पन्न छन ।



त्यसकारण शिक्षाका हरेक गतिविधिहरुमा स्थानीय क्षेत्रलाई अधिकार दिनु उपयुक्त हुन्छ । विपद्को दृष्टिकोणबाट पनि स्थानीय निकायहरु अधिकार सम्पन्न भए भने शैक्षिक वातावरण सुचारु गर्न मद्दत पुग्छ, किनभने देशको फरक भौगोलिक क्षेत्रमा फरक प्रकारका विपद्हरुको समस्या रहन्छ, त्यसकारण देशभरिको विपद्को अवस्थालाई एउटै बाकसमा हालेर हेर्ने प्रयास गरियो भने समस्या समाधान गर्न कठिन हुन्छ ।

त्यसैले फरक ठाउँमा भएको फरक समस्याको पहिचान गरी समस्याको समाधान खोज्नु उपयुक्त हुन्छ । त्यसैले अहिलेको महामारीको समयमा पनि तुलनात्मक रुपले सुरक्षित र असुरक्षित स्थानहरुको पहिचान गरी शैक्षिक क्षेत्रलाई क्रमशः खोल्दै जानुपर्ने आजको टड्कारो आवश्यकता देखिन्छ । अन्यथा देशैभरिको अवस्था सफा खोज्ने हो भने धेरै लामो समय लाग्न सक्छ जतिबेर हामी धेरै पछाडि परिसकेका हुन सक्नेछौं ।

*(लेखक न्यूटन्स एजुकेशन एकाडेमीका शिक्षक हुन् ।)*

# मेरो मृत शरीरमा राष्ट्रिय झण्डा ओढाइयोस्



उदय मैनाली

> अरुले जस्तोसुकै विचार, समूह र पार्टीको झण्डा ओड्ने, ओडाउने कार्य गरे पनि मेरो मृत शरीरमा केबल नेपाल आमाको चन्द्र-सूर्य अंकीत तीनकुने राष्ट्रिय झण्डा ओडाइयोस्।




मानिस जति सामाजिक प्राणी हो, त्यति नै राजनीतिक प्राणी पनि हो भन्ने महान दार्शनिक अरस्तुको भनाई नेपाली समाजको परिप्रेक्षमा अलि बढी नै प्रयोग भएको पाइन्छ । माथिको भनाईको तात्पर्य एउटा सचेत व्यक्ति आफ्नो वरपर, समाज र देशमा के भइरहेको छ ? त्यो बारेमा अनभिज्ञ रहन सक्दैन भन्ने नै हो । तर, हामी भने समान र राष्ट्रभन्दा माथि राजनीतिलाई स्थान दिइरहेका छौं । हरेक व्यक्ति शारीरिक र मानसिकरुपमा विकसित हुँदै जाँदा विभिन्न आस्थाका राजनीतिका दलसँग आबद्ध हुँदै जानु स्वभाविक हो । तर, त्यस राजनीतिक आस्थाको अन्धभक्त भएर अन्य महत्वपूर्ण जिम्मेवारी र बहसलाई तुच्छ देख्न थाल्नु अवश्य पनि समस्याको विषय हो । पंक्तिकारले यही समस्याको विषयलाई उजागर गर्ने प्रयत्न यस आलेख मार्फत गर्दैछन् ।

आफूले विश्वास गरेको राजनीतिक आस्थालाई समाज, परिवार, आफन्त र हुँदा-हुँदा ईश्वरभन्दा ठूलो बनाउन खोज्नु आजको समस्याको मुख्य कारण हो । जसले गर्दा उसको जीवनमा राजनीतिक कक्षाको भ्रम यतिसम्म हुन्छ कि, आफू जन्मेको, हुर्केको संस्कार, संष्कृति र सिंगो माटोप्रति गैरजिम्मेवार भएर निस्कने प्रवृत्ति हावी हुँदै गइरहेको छ । जुन त्यस्ता व्यक्तिमाथि मृत्युपरन्तसम्म प्रभाव जमाउन सक्षम हुन्छन् ।

हामीले बुझ्नुपर्ने कुरा के हो भने हामी पहिले नेपालीपनमा हुर्केका सामाजिक, सांष्कृतिका प्राणी हौं, त्यसपति मात्र राजनीतिक प्राणी हौं । हो राजनीति हाम्रो भाग्य र भविष्यसँग जोडिएको विषय हो र यसले हाम्रो दैनिक जीवनमा प्रत्यक्ष, अप्रत्यक्ष प्रभाव छोडेको हुन्छ । तर, यसको मतलब यो हैन की सम्पूर्ण राष्ट्रियता, सम्प्रभुता, स्वाभीमान र मानवीय संवेदना नै बन्धकी राख्नु ।

अमुक राजनीतिक आस्थाको झण्डा उठाइरहँदा राष्ट्रिय झण्डाप्रतिको सम्मान र सामाजिक सद्भाव सहितको एकता नटुटोस् । हाम्रो अविछिन्न राष्ट्रिय गौरव नडगमगाओस् । हाम्रो समाजको स्थिति यतिसम्म भयानक हुँदै गएको छ कि फरक राजनीतिक आस्थाका मानिससँग पानी बाराबार छ, परिवारभित्र दाजुभाइ, दिदीबहिनीको बोलचाल बन्द छ । यसले अन्तत्वगत्वा हामीलाई नराम्रो पार्छ । देशप्रेम र मानवताका विरुद्ध लैजान्छ र राष्ट्रिय विखण्डन, सामाजिक, सांस्कृतिक विचलनतर्फ उन्मुख गराउँदछ ।

हामीमा यतिसम्म स्वार्थीपन, कठोर मनको विकास हुँदै गएको छ कि यदि यस्तै राजनीतिक संस्कारको निरन्तरता रहिरहने हो भने हाम्रो सामाजिक, सांस्कृतिक विरासत र राष्ट्रिय भावनाको ऐना झऱ्यामझुरुम टुटेका हुनेछ । अमुक राजनीतिक आस्था आडमा हामीले समग्र मानवता र सामाजिक भावनाको विनास रोजिरहेका त छैनौं ? गहिरो प्रश्नचिन्ह खडा भएको छ । देखावटी रुपमा ठूला र राम्रा कुरा तर भित्रभित्रै हरेक कुरामा खोक्रिँदै गइरहेका त छैनौं ? गलत र पूर्वाग्रही राजनीतिक संस्कारले अर्काको रिस, इर्ष्या, डाहा र तडकभडकमा प्रतिस्पर्धा गर्न भने अब हामीले छोड्नैपर्छ । फरक राजनीतिक विचार र आस्थाको सकारात्मक पाटो पनि विश्लेषण गर्न सक्षम राजनीतिक संस्कारको विकास गरिनुपर्दछ । हनुमान भएर जसरी हुन्छ विरोध र द्वन्द्वको राजनीति हामीले अन्त्य गर्न सक्नुपर्दछ । अर्काको कुरा काट्न व्यस्त हुने, कामकाजभन्दा खुरापाती मै समय व्यतित गर्नेको संख्या बढिरहेको अवस्थामा मुखमा राम राम बगलीमा छुरा उखानको प्रत्योत्तर दिनु नै पर्नेछ । अन्यथा हामी सकिने र सकाउने मार्गतर्फ अग्रसर हुनेछौं ।

अझ राष्ट्रियता, नेपालीपन, राष्ट्रिय एकता र स्वाभिमान, चन्द्र-सूर्य अंकीत ध्वजा र विर गोर्खालीको इतिहासलाई माटोमा मिलाउने काम गरिरहेका छौं । एउटा सामाजिक व्यक्तिको अन्तिम संस्कारमा घाटमा भेला भएका मलामीहरुमा मृतक प्रतिको सम्मान र पूर्वीय दर्शनको हिन्दूधर्मले सिकाएका अन्तिम संस्कारका कर्मभन्दा अमुक-अमुक राजनीतिक दलका झण्डा ओढाउने विषयले प्रतिस्पर्धात्मक प्राथमिकिता पाउनु बिडम्बना रहेको छ । मृतकले समाज र राष्ट्रका लागि गरेको योगदानभन्दा पार्टी र सिमित समूहका लागि गरेको कार्यको प्रशंसाले पक्कै पनि मृतकको आत्माले शान्ति पाउँदैन । तसर्थ, अरुले जस्तोसुकै विचार, समूह र पार्टीको झण्डा ओड्ने, ओडाउने कार्य गरे पनि मेरो मृत शरीरमा केबल नेपाल आमाको चन्द्र-सूर्य अंकीत तीनकुने राष्ट्रिय झण्डा ओडाइयोस् ।

मेरो सबै राजनीतिक विचार र आस्थाप्रति सम्मान छ, तर यस्ता विचार र आस्थाको नाममा हामीले विरासतमा पाएको पूर्वीय दर्शन, संस्कार, संष्कृति, देश र माटोप्रतिको मान, सम्मान, अनुशासन, मर्यादा, परिवार र आफन्तजनको महत्व, हार्दिकताको बली दिन तयार छैन । नयाँ नेपाल बनाउने भाषण बाजीको आडमा मलाई मेरो जन्म, जननी र इतिहासलाई तिरस्कृत गर्ने कुनै अधिकार छैन । यदि हामी सबैले माथिको कुरा मनन गरेनौं र सच्चिएर कुशल, संस्कारयुक्त र मानवीय सेवामा समर्पित राजनीति गरेनौं भने हामी आफै पनि यी कुराहरु सँगै सकिने र सकाउने बाटोमा छौं । चेतना भया ।

# इनरह्वीलले गर्‍यो खाद्यान्न सहयोग

**बिर्तामोड, साउन १९।** पूर्वको पशुपतिनाथले परिचित अर्जुनधारा जलेश्वरधाममा रहेको अर्जुनधारा संस्कृत विद्यापिठमा अध्ययन गर्ने विद्यार्थीलाई इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनले खाद्यान्न सहयोग गरेको छ।।

लामो समयको लकडाउनले खाद्यान्न अभावको कारण विद्यार्थीलाई बाँच्न गाह्रो हुने देखेपछि आफूहरुले खाद्यान्न सहयोग गरेको इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट रेनु वंशलले बताइन्।

कोरोना भाइरसले महामारीको रुप लिँदा त्यसवाट बच्न सरकारले जारी गरेको लकडाउनका कारण खाद्यान्न अभावको कारण भोकभोकै बस्नुपर्ने अवस्थामा रहेका अर्जुनधारा संस्कृत विद्यापिठमा अध्ययन गर्ने विद्यार्थीलाई बिर्तामोडका समाजसेवी तथा व्यवसायी श्याम वंशलले सौजन्य गरेको एक महिना पुग्ने खाद्यान्न उपपब्ध गराइएको उनले वताइन्।

इनरह्वील क्लव अफ विर्तामोड मिडटाउनकी प्रेसिडेन्ट रेनु वंशल, चाटर्ड प्रेसिडेन्ट भूमिका पोखरेल, सेक्रेटरी सम्झना भण्डारी, मेम्वर कमला पौडेल, रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका प्रेसिडेन्ट प्रशान्त भण्डारी, रोटरी क्लव अफ बिर्तामोड मिडटाउनका क्लव सर्भिस कोअर्डिनेटर सुजित वंशल, बोर्ड मेम्वर जगत शर्मा, मिडिया पर्सन तुलसीप्रसाद निरौला लगायतले अर्जुनधारा जलेश्वरधामका मूल अर्चक अग्नि सिग्देल, अर्जुनधारा जलेश्वरधामका वरिष्ठ सदस्य चित्रशेन भण्डारीलाई खाद्यान्न हस्तान्तरण गरेका थिए।

अर्जुनधारा संस्कृत विद्यापिठमा भारतको आसाम, नेपालको ताप्लेजुङ, पाँचथर, खोटाङ, मोरङ, झापाका ६५ जना विद्यार्थी गुरुकुलीय शिक्षा अध्ययन गरिरहेको र उनीहरुलाई गत जेठ महिनादेखि खाद्यान्न अभाव भएको अर्जुनधारा जलेश्वरधामका मूल अर्चक अग्नि सिग्देलले बताए।

विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणबाट वच्न सरकारले जारी गरेको लकडाउनका कारण पूर्वको पशुपतिनाथले परिचित अर्जुनधारा जलेश्वरधाममा भक्तजनहरु नआउँदा अर्जुनधारा संस्कृत विद्यापिठमा अध्ययन गर्ने विद्यार्थीलाई खाद्यान्न अभाव भएको उनले बताए। लकडाउनका कारण मुष्ठिदान उठाउन जानसमेत समस्या भएकाले खाद्यान्न अभाव भएको उनले बताए। अर्जुनधारा जलेश्वरधाममा श्रावणी पर्वको सोमबार भगवान शिवलाई जल चढाउन भक्तजनको घुइँचो लाग्ने गरे पनि यस वर्ष कोरोना भाइरसको संक्रमणबाट बच्न सरकारले जारी गरेको लकडाउनका कारण भक्तजन नआएका कारण यस्तो समस्या आएको उनले बताए।

अर्जुनधारा जलेश्वरधाममा श्रावणी पर्वको सोमबार भगवान शिवलाई जल चढाउन आउने भक्तजनले चढाएको अन्न र भेटीपातीले मंसिरसम्म पुग्ने र मंसिरमा हुने बालाचतुर्दशीमा सत्बीज छर्न आउने भक्तजनले चढाएको अन्न र भेटीपातीले श्रावणसम्म पुग्ने गरेको बताउँदै यस वर्ष भने लकडाउनका कारण भक्तजन नआएका कारण खाद्यान्न अभाव भएको उनले बताए। दाताहरुले दिएको खाद्यान्न, मुष्ठिदान र भक्तजनहरुले चढाएको भेटीपातीले विद्यार्थीहरुको दैनिक गुजारा र धाममा हुने नित्य पूजा चल्दै आएको बताउँदै उनले लकडाउनका कारण भक्तजन नआउँदा र मुष्ठिदान उठाउन समस्या हुँदा खाद्यान्न अभाव भएको जानकारी दिए। इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनले खाद्यान्न प्रदान गरेको ठूलो गुन लगाएको बताउँदै मूल अर्चक सिग्देलले लकडाउनको यो समयमा सहयोग गरेर पुण्य कमाउन सबैलाई आग्रह समेत गरे।



## धाममा मनाइयो रक्षाबन्धन



**बिर्तामोड, साउन १९।** तराई क्षेत्रमा रक्षाबन्धनलाई दिदीबहिनी र दाजुभाइको आपसी मायाको चाडका रूपमा लिइन्छ।

रक्षाबन्धनका दिन दिदीबहिनीले आफ्ना दाजुभाइको हातमा कलात्मक राखी बाँधी दिर्घायू र सुस्वास्थ्यको कामना गर्ने गर्दछन्। तर, यसवर्ष विश्वमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणका कारण सरकारले लकडाउन गरेपछि धेरै दिदीबहिनीले आफ्ना दाजुभाइ भेट्न जान पाएनन्। कोरोना कहरले आफ्ना दाजुभाइ भेट्न जान नपाएपछि इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनका दिदीबहिनीले पूर्वको पशुपतिनाथले परिचित अर्जुनधारा जलेश्वरधाममा रहेको अर्जुनधारा संस्कृत वेदविद्यापिठमा अध्ययनरत् विद्यार्थीलाई दाजुभाइ मान्दै राखी बाँधेर रक्षाबन्धन मनाएका छन्।

कोरोना कहरले भारत शिलगढीमा रहेका आफ्ना दाजुभाइ भेट्न जान नपाएपछि इनरह्वील क्लव अफ विर्तामोड मिडटाउनकी प्रेसिडेन्ट रेनु वंशलले अर्जुनधारा संस्कृत वेदविद्यापिठमा अध्ययनरत् विद्यार्थीलाई दाजुभाइ मान्दै राखी बाँधेर रक्षाबन्धन मनाएको बताइन्। उनले भनिन्- 'कोरोनाका कारण लकडाउन भएपछि भारत शिलगढीमा रहेका आफ्ना दाजुभाइ भेट्न जान पाएकी थिइन। तर, आज अर्जुनधारा संस्कृत वेदविद्यापिठमा अध्ययनरत् विद्यार्थीलाई नै दाजुभाइ मानेर उनीहरुलाई राखी बाँधिदिएको हूँ।'

इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनकी प्रेसिडेन्ट रेनु वंशल, चाटर्ड प्रेसिडेन्ट भूमिका पोखरेल, सेक्रेटरी सम्झना भण्डारी, मेम्वर कमला पौडेल लगायतले अर्जुनधारा संस्कृत वेदविद्यापिठमा अध्ययनरत् विद्यार्थीलाई राखी बाँधिदिएका थिए। उनीहरुले विद्यार्थीलाई मिठाई तथा खानेकुरा समेत खुवाएका थिए।

भारतको आसाम, नेपालको ताप्लेजुङ, पाँचथर, खोटाङ, मोरङ, झापा लगायतका स्थानबाट अर्जुनधारा संस्कृत वेदविद्यापिठमा गुरुकुलिय शिक्षा अध्ययन गर्न आएका उनीहरु कोरोना कहरले आफ्ना दिदीबहिनी भेट्न नपाएर निराश भएको समयमा इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनका दिदीबहिनीले राखी बाँधी दिँदा हर्षित भएका थिए।

अर्जुनधारा जलेश्वरधामका मूल अर्चक अग्नि सिग्देलले दिदीबहिनी र दाजुभाइबीचको प्रेम तथा कुशल जीवनको कामनासँग जोडिएको रक्षाबन्धन दिदीबहिनीको हातबाट दाजुभाइले राखी लगाउने रितीरिवाज सदियौंदेखि नैं चल्दै आएको बताउँदै इनरह्वील क्लव अफ बिर्तामोड मिडटाउनका दिदीबहिनीले अर्जुनधारा संस्कृत वेदविद्यापिठमा अध्ययनरत् विद्यार्थीहरुलाई नै दाजुभाइ मानेर राखी बाँधिदिएर यस पर्वको गरिमा बढाएको बताए।

## वीरता लेडी जेसीजको अर्धवार्षिक साधारणसभा

**बिर्तामोड, साउन १९।** वीरता लेडी जेसीज वर्ष २०२० को अर्धवार्षिक साधारणसभा सम्पन्न भएको छ।

वीरता लेडी जेसीजकी अध्यक्ष सुष्मा पौडेलको अध्यक्षता तथा संस्थापक अध्यक्ष शारदा रिजालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रम संयोजक मेनुका ओलीले स्वागत गरेकी थिइन्।

कोरोना महामारीका कारण अनलाइन जुम मार्फत गरिएको कार्यक्रममा वीरता लेडी जेसीजकी पूर्व अध्यक्ष नम्रता रिजाल ढकालले औचित्यमाथि प्रकाश पारेकी थिइन्। कार्यक्रममा वीरता लेडी जेसीजका पूर्व अध्यक्षहरु नैनकला भट्टराई, पार्वता खरेल विमली, कञ्चना ढकाल सिटौला, मानार्थ कविता थापा लगायतले शुभकामना दिएका थिए।

कार्यक्रममा वीरता लेडी जेसीजकी कोषाध्यक्ष हिमा पौडेलले आर्थिक प्रतिवेदन र महासचिव संगीता गिरीले महासचिवको प्रतिवेदन प्रस्तुत गरेका थिए। कार्यक्रमको सञ्चालन वीरता लेडी जेसीजकी महासचिव संगीता गिरीले गरेको कार्यक्रम संयोजक संगीता चिमरियाले जानकारी दिइन्।

## साना निर्माणकर्मीको सभा



**बिर्तामोड, साउन १९।** साना निर्माणकर्मी संघ झापाको दोस्रो वार्षिक साधारणसभा सम्पन्न भएको छ।

संस्थाका उपाध्यक्ष केदार राजवंशीको अध्यक्षता तथा बिर्तामोड नगरपालिका वडा नं. ४ का वडाध्यक्ष कुलप्रसाद संग्रौलाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो।

कार्यक्रममा इञ्जिनियर टिएन चौलागाईले शुभकामना दिएका थिए भने संस्थाका उपाध्यक्ष केदार राजवंशीले वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए। बिर्तामोड नगरपालिका-३ का २५ वर्षीय महमद जाफरी आलमलाई ३३ हजार आठ सय ७५ रुपैयाँ र साविक अनारमनी- १ का ५२ वर्षीया नुनी मुर्मूलाई सात लाख रुपैयाँको बीमा गर्नुका साथै करिब एक वर्षमा ३५ जनाको बीमा शुल्क ७५ हजार नौ सय ७० रुपैयाँ बुझाएको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै आप्रवासी निर्माणकर्मीहरुले अवैधानिक रुपमा काम गरिरहेकाले त्यसलाई रोक्नुपर्ने मागसहित बिर्तामोड, अर्जुनधारा, कनकाई, मेचीनगर, भद्रपुर लगायतका नगरपालिकाहरुमा डेलिगेसन गएको, व्यावसायिक कार्ड नवीकरणका लागि बिर्तामोड नगरपालिका कार्यालय डेलिगेशन गएको, आन्तरिक राजश्व कार्यालयमा गई संस्थालाई पानमा दर्ता गराएको, स्मार्ट कार्ड बनाएर एक सय १२ जनालाई परिचयपत्र वितरण गरेको, एक सय ९८ जनाको बीमा गरेको लगायत प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै उनले सात लाख ३३ हजार सात सय ३३ रुपैयाँको आयव्ययसहितको आर्थिक प्रतिवेदन पनि प्रस्तुत गरेका थिए। साधारणसभाको बन्दसत्रले रिक्त रहेको सचिव पदमा रंजन शाहलाई मनोनयन गरेको छ। मणि खुदाङले स्वागत गरेको कार्यक्रमको सञ्चालन कृष्णप्रसाद भट्टराईले गरेका थिए।

## मेचे र अधिकारीलाई राहत प्रदान

**बिर्तामोड, साउन १९।** राहतका लागि सामाजिक अभियानले मेचीनगर- ९ का दुई घरपरिवारलाई खाद्यान्न तथा नगदसहित राहत हस्तान्तरण गरेको छ।

अशक्त तथा एकल महिला देवीमाया मेचे र अर्का गाडीमा दुर्घटना भई असक्त भएका किरण अधिकारीलाई राहत वितरण गरिएको हो। मेचेलाई एक सय ५० केजी चामल, दाल, खानेतेल, नुन र नगद प्रदान गरिएको हो।

त्यस्तै अधिकारीलाई ६० केजी चामल, दाल, खानेतेल, नुन प्रदान गरिएको अभियन्ता गणेश ढुंगानाले बताए। अशक्त मेचेलाई नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्मा, कविता शर्माले आफ्नो छोराको जन्मदिनमा सात धुर जमिन किनेर विभिन्न दाताहरुको सहयोगमा घर बनाइ दिएका थिए। अशक्त अधिकारीलाई निर्माण व्यवसायी शेरबहादुर थापाले अल्सरको कारण अन्तिम अवस्था पुगेको जानकारी पाएपछि बिर्तासिटी अस्पतालमा उपचार गराइ दिएका छन्।

कार्यक्रममा सहयोग दाता शेरबहादुर थापा, सुनिता धिमाल, अमिन अलि सेखले राहत प्रदान गरेका थिए। जनप्रतिनिधि इन्द्र प्रधानको रोहवरमा व्यवस्थापन सहजीकरण सञ्चारकर्मी मुक्ति पौडेलले गरेका थिए। अभियानका संयोजक जगतबहादुर मगरको अध्यक्षता भएको कार्यक्रमको सञ्चालन सचिव रञ्जित परियारले गरेका थिए।

## राजश्व असुलीमा कमी

**झापा, साउन १९।** कोभिड-१९ को असर जिल्ला प्रशासन कार्यालय झापाले विभिन्न शीर्षकमा संकलन गर्ने राजश्वमा समेत परेको छ। कार्यालयले गत आर्थिक वर्ष २०७६/०७७ को असार मसान्तसम्ममा विभिन्न शीर्षकबाट रु. चार करोड तीन लाख १५ हजार छ सय मात्र राजश्व संकलन गरेको छ।

कार्यालयका लेखापाल टेकप्रसाद नेपालले सबैभन्दा बढी राहदानी बिक्रीबाट रु. तीन करोड ९० लाख ८५ हजार राजश्व संकलन भएको जानकारी दिए। हातहतियार इजाजत बापत रु. ३१ हजार, राष्ट्रिय परिचयपत्र कम्प्युटर अपरेटरको परीक्षा सञ्चालन गरेबापत रु. सात हजार छ सय अन्य प्रशासनिक सेवा शुल्कवापत रु. ११ लाख दुई हजार चार सय ५० राजश्व संकलन भएको छ।

उक्त राजश्व अघिल्लो आर्थिक वर्ष २०७५/०७६ को भन्दा रु. दुई करोड ५३ लाख ३५ हजार छ सय ४८ ले कमी रहेको उनले बताए। अघिल्लो वर्ष कार्यालयले रु. छ करोड ५६ लाख ५१ हजार दुई सय ८४ राजश्व संकलन गरेको थियो। लेखापाल नेपालले आर्थिक वर्षको दोस्रो चौमासिक शुरु नहुँदै बन्दाबन्दी भएको कारण विगत वर्षहरुको दाँजोमा राजश्वमा गिरावट आएको बताए।


### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्क: ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४

### टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

मो.९८१५९५२४९९
९८४१३२१४६४

### स्कारपियो गाडी भाडामा



विवाहका लागि, धार्मिक स्थल भ्रमण, एयरपोर्ट तथा All nepal tour जुनसुकै ठाउँ जानका लागि १० सिट भएको आरमदायी यात्राको लागि सम्झनुहोस्।

सम्पर्क: ९८४२७४४४३९, ०२३-५४०२३१

### छापाखाना





### भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र दावी विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| यामकुमारी ढकाल | तोपगाछी-२ | २१४१ | ०-९-० | देवी साहु तेली |
| नारादमुनी बास्कोटा | गरामुनी-३ | १२७६ | १-०-० | बुधलाल सतार |
| कौसल्या राजवंशी | कुमरखोद-६ | १०७ | २००४५.०० | गण/गन राजवंशी |
| सञ्जय राजवंशी | कुमरखोद-६ | ९४ | ३०४५.०० | चोपे किस्कु सतार |
| सञ्जय राजवंशी | कुमरखोद-६ | २०९ | ६७७.२६ | चोपे किस्कु सतार |
| सञ्जय राजवंशी | कुमरखोद-६ | २१० | ९९८२.७४ | चोपे किस्कु सतार |
| सञ्जय राजवंशी | कुमरखोद-६ | २११ | ६७७.२६ | सोमाइ मुर्मु सतार |
| कृष्णराज राजवंशी | कुमरखोद-६ | १०६ | १२९४५.०० | सोमाइ मुर्मु सतार |
| तिर्थराज राजवंशी | कुमरखोद-६ | २३० | १९८६.९६ | गण/गन राजवंशी |
| तिर्थराज राजवंशी | कुमरखोद-६ | ९१ | ८६५.०० | सोमाइ मुर्मु सतार |
| तिर्थराज राजवंशी | कुमरखोद-६ | ९७ | ५८६०.०० | सोमाइ मुर्मु सतार |
| तिर्थराज राजवंशी | कुमरखोद-६ | १३९ | ३५७५.०० | छिबु बेसरा सतार |
| तिर्थराज राजवंशी | कुमरखोद-६ | ९० | ८१५.०० | जन्जालु राजवंशी शिवलाल सतार |
| तिर्थराज राजवंशी | कुमरखोद-६ | ११६ | ९२५.०० | किष्टु/किस्टो राजवंशी |
| तिर्थराज राजवंशी | कुमरखोद-६ | ७३ | ४६२५.०० | चोपे किस्कु सतार |
| चन्दन राजवंशी | कुमरखोद-६ | ९५ | २०७३५.०० | छिबु वेसरा सतार/शिवलाल सतार |
| शुसिला राजवंशी | कुमरखोद-६ | १०८ | १७७२०.०० | मुसोडी मर्डि सतार |


### बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार।

**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

### हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आत्मविश्वासको कमी, अर्थ अभावले पनि अलि सताउन सक्छ। मेहनतले सम्मानित स्थान दिलाउनेछ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आफ्ना सूचना सम्बन्धी गोपनीयतामा ध्यान पुर्याउनुहोला। प्रयत्न गर्दा बोलीको प्रभावले काम बनाउन सकिनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुन सक्छ। सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम बिस्तारै बन्नेछन्।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन्। प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** रचनात्मक काम प्रारम्भ गर्ने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ। रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त होला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** घर खर्च बढ्नुका साथै अर्थ अभावले सताउने हुँदा होसियारी साथ काममा जुट्नुहोला। आफ्नाबाटै टाढिनुपर्ने परिस्थिति आउन सक्छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** बेहोसीले नोक्सान पुर्याउन सक्छ। नाम र दामका लागि आज गरिएको खर्च व्यर्थ हुने हुँदा सजग रहनुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** केही दौडधुप गर्नुपरे पनि पछिका लागि लगानी बढाउने समय छ। प्रयत्न गर्दा विदेशयात्रा गर्ने प्रक्रिया भने अघि बढ्न सक्छ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ। विभिन्न अवसर प्राप्त हुनुका साथै दैनिकीमा परिवर्तन आउन सक्छ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** नयाँ काम प्रारम्भ हुनेछ भने मनग्गे आम्दानी बढ्नेछ। उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ। विभिन्न परोपकारी काममा प्रवृत्त भइनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** उचित प्रतिफल प्राप्त हुनेछ। सहयोगीहरूको साथ पनि जुट्नेछ। मेहनत गर्दा लक्ष्यमा पुगिनेछ।